बैठक नं. ०७

आज मिति २०७६/०९/२५ गतेका दिन यस कोहलपुर नगरपालिकाका नगरप्रमुख श्री लूटबहादुर रावत ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशिलको उपस्थिति मा निम्न प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

उपस्थिति -

| क.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूटबहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | रामशरण थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | कृष्ण बहादुर खड्का | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भीमबहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | बिरेन्द्रदेब भारती | सदस्य सचिव | |
| २७. | अग्निप्रसाद आचार्य | सहायक कर्मचारी | |
| २८. | राजेन्द्र टमटा | कं.प. | |

## प्रस्ताव तथा निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं.०१ मा छलफलगर्दा कोहलपुर नगरपालिकाका वडा नं.११ मा नगर विकास **कोषको** (Town Development Fund,TDF) ऋण साझेदारीमा निर्माण हुन गै रहेको **प्रस्तावित** लामो दुरीको **बसपार्क निर्माण** कार्यको कुल लागत अनुमानको नगर विकास कोषको ६० प्रतिशत ऋण सहयोग र कोहलपुर नगरपालिकाको ४० प्रतिशत लगानी सुनिश्चित हुने गरी ऋण स्वीकृतीका लागि नगर विकास कोष, ज्ञानेश्वर, काठमाण्डौंमा अनुरोध गर्ने साथै भविष्यमा उक्त ऋणको ब्याजदरमा हुने थपघटलाई समेत सोही अनुसार भुक्तानी गर्ने गरी ऋण स्वीकार गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं.०२ मा छलफलगर्दा कोहलपुर नगरपालिकाका वडा नं.११ मा नगर विकास **कोषको** (Town Development Fund,TDF) ऋण साझेदारीमा निर्माण हुने प्रस्तावित लामो दुरीको बसपार्क निर्माण स्थलले ओगटने जग्गा २५ वर्षसम्मका लागि नगर विकास समितिसँग निःशुल्क रुपमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं.०३ मा छलफल गर्दा राष्ट्रिय योजना आयोगको मिति : २०७६/०९/०२ गतेको प्रकाशित सूचना अनुसार आ.व.२०७७/०७८ को समपुरक कोष र विशेष अनुदानका लागि तपशिल वमोजिमका योजनाहरु माग गर्ने निर्णय गरीयो ।

तपशिल :

क. समपुरक कोष तर्फ :

१. कोहलपुर रिङ्गरोड निर्माण क्रमागत योजना
२. त्रिवेणीचौंक देखि दाङ्गपुर हुँदैं बैजनाथ गाउँपालिका जोडने सडक कालोपत्रे
३. चप्परगौडी, खर्डकवार हुँदैं सल्यानको घुईयावारी जोड्ने अन्तरप्रदेशिय पर्यटनमार्ग निर्माण
४. शिव मन्दिर बुद्धचौक हुँदै त्रिमावि जोड्ने सडक कालोपत्रे
५. दिपशिखा स्कुल हुँदै नगर विकास सिमाना जोडने सडक कालोपत्रे
६. नगर विकासको सिमाना देखि खाद्यमिल, पेन्सन क्याम्प हुँदै रझेना जाने वाटो कालोपत्रे
७. कोहलपुर वडा नं.१३ स्थित भरैया सिम्रहवा जोडने रोहणी खोलामा पक्कीपुल निर्माण
८. नयाँवस्ती देखि भरकट्टी हुँदै मन्नापुर जोडने कृषि सडक कालोपत्रे
९. चौधरीया हुँदै प्रशेनीपुर जाने सडक कालोपत्रे
१०. रामनगर तक्षशिला विद्यालय चटार हुँदै नहर जोडने सडक कालोपत्रे
११. त्रिपुरागण सिद्धनगरचौक देखि पाऊरोटी उद्योग हुँदै लक्ष्मी उच्च मा.वि.जोडने सडक कालोपत्रे
१२. वेर्स्टन होटेल (डुडुवापुल) देखि मसुरीखेत, निबुवा, जानकीनगर, रामनगर हुँदै पुर्वपश्चिम राजमार्ग जोडने सडक कालोपत्रे ।

ख. विशेष अनुदान तर्फ :

१. सिकलसेल एनिमियाको ल्याब स्थापना (Sickle Cell Anemia Disease Lab Construction) क्रमागत योजना

२. जनता मा.वि.मैटहवाको विद्यालय भवन निर्माण

३.नेपाल राष्ट्रिय मा.वि. कोहलपुर-१२, खर्डकवारको विद्यालय भवन निर्माण

४. जन ज्ञानज्योति मा.वि. कोहलपुर-०१ को विद्यालय भवन निर्माण

५. नेपाल राष्ट्रिय प्राथमिक विद्यालय कोहलपुर-१४,ढोलपुरको पर्खाल निर्माण

६. सरसवती मा.वि. कोहलपुर-०८ को विद्यालय भवन निर्माण

७. नेपाल राष्ट्रिय प्राथमिक विद्यालय कोहलपुर-१५,अकलघरवाको विद्यालय भवन निर्माण

८. चिडीमार, गर्न्धब र बादी समुदायको लागि आयआर्जन कार्यक्रम

९. दलित समुदायको लागि आर्थिक सहयोग कार्यक्रम

१०. रझेना खानेपानी योजना माग गर्ने

निर्णय नं. ४

प्रस्ताव नं.०४ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको छैठौ नगर सभा यहि मिति २०७६ पौष २९ गते देखि शुभारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.०५ मा छलफल गर्दा "**सार्वजनिक खरिद** नियमावली २०६४को मुल नियम १२०" मा भएको **आठौं संसोधन** २०७६ अनुसार यस नगरपालिकाबाट विभिन्न मितिमा खरिद सम्झौता भई विविध कारणबाट कार्यसम्पन्न हुन नगसकी म्याद थपका लागि निवेदन परेका सम्झौताहरुको म्याद थप गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं.०६ मा छलफल गर्दा संचार तथा सुचना प्रविधि मन्त्रालय अर्न्तगतको राष्ट्रिय सुचना प्रविधि केन्द्रको डाटा सेन्टर स्थापनाका लागि कोहलपुर नगरपालिका वडा नं.११ लोकनगरमा नगरपालिकाको स्वामीत्वमा रहेको **कि.न. ९०१ को नक्शा नं.चटार ३** (ङ) बाट जग्गा १ बिगाह १० कट्ठा जमिन डाटा सेन्टर निर्माण कार्यका लागि उपलब्ध गराउर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ०७ मा छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभाग अर्न्तगत स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम कार्यक्रम समन्वय इकाई, ललितपुरको मिति २०७६।०९।२४ गतेको प्रकाशित सार्वजनिक सूचना अनुसार कोहलपुर नगरपालिकाको प्रशासनीक भवन निर्माण योजना माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ०८ उपरछलफल गर्दा नगर शिक्षा समितिको मिति :२०७६/०९/११ गतेका दिन बसेको बैठकले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ०९ उपरछलफल गर्दा नगर प्रमुख युवा कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ लाई पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. ०९ मा छलफल गर्दा कोहलपुर नगरपालिकाको प्रस्तावित रिङ्गरोड निर्माण र विद्युतिय शवदाह गृह निर्माण कार्यलाई अगाडी बढाउन तपशिल वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल :

१. संयोजक : श्री कल्पना शर्मा अधिकारी
२. सदस्य : श्री माधव रिजाल
३. सदस्य : श्री निम बहादुर चलाउने
४.सदस्य : श्री कर्ण बहादुर थापा
५.सदस्य : श्री नारायणी वलि
६.सदस्य : श्री डिल ब.परियार
७. सव-ईन्जिनियर -श्री महादेव जोशी

निर्णय नं. ११

प्रस्ताव नं. ११ मा उपरछलफल गर्दा तपशिल वमोजिमका योजनाहरुको भुक्तानी दिनुपर्ने रकम बाकि रहेका हुँदा आवश्यक बजेटको व्यवस्था गरी भुक्तानी दिने निर्णय गरियो ।

तपशिल :

१. डायनामिक स्कुल अगाडीको नाली निर्माण रु.४९४,०००।-
२. कोहलपुर वडा नं.१० चटार जाने बाटोको रिटेनिङ्ग वाल निर्माण रु. ३५०,०००।-
३. वडा नं.२ को वडा कार्यालय भवनको भऱ्याङ्ग र पेटी निर्माण रु.४८०,०००।-

निर्णय नं. १२

प्रस्ताव नं. ०९ मा छलफल गर्दा घ वर्गको ईजाजत पत्रका लागि आवेदन दिएका तपशिल निर्माण व्यवसायीहरुलाई घ वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल :

१. जय वजरङ्गवलि निर्माण सेवा कोहलपुर-१५,बाँके
२. विशाल कन्ट्रक्सन कोहलपुर-११,बाँके
३. रोयल कन्ट्रक्शन कोहलपुर-०२,बाँके
४. जारा इन्जिनियरिङ्ग कन्ट्रक्शन एण्ड सर्भिज प्रा.लि. कोहलपुर-१०,बाँके

दीपेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १३

प्रस्ताव नं. १३ मा छलफल गर्दा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वन विभागले वायु गुणस्तर मापन केन्द्र सञ्चालनका लागि कोहलपुर वडा नं.११ स्थित कोहलपुर चौराहको पश्चिममा डिजिटल डिस्पले बोर्ड स्थापनाका लागि जमिन उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

प्रस्ताव नं. १४ मा छलफल गर्दा गाउँब्लकको जग्गा नापी सम्बन्धमा साबिक रझेना गा.वि.स. वडा नं.०१ देखि ०९ सम्मको नापी विगत लामो समयमा भएको र तत्कालिन अवस्थामा नापीएको नक्शाले हाँल बढ्दो शहरीकरणका कारण फिल्डको प्रतिनिधित्व गर्न नसक्ने अवस्था रहेको साथै गाउँब्लक र नम्बरी फरक प्रकृतिका जग्गा एउटै नक्शामा १:२५०० को माननापमा नापी भएकोले वर्षौं देखि गाउँब्लक जग्गामा बसोवास गर्दै आईरहेका जनताले जग्गा धनी प्रमाणपत्र प्राप्त गर्न असहज भएकाले हाल कोहलपुर नगरपालिका वडा नं.१ देखि ५ सम्मका सम्पूर्ण वार्डमा रहेका गाउँ ब्लक जग्गाको पुनःनापी गरीदिन हुनका लागि नापी कार्यालय, बाँके मार्फत नापी विभागलाई अनुरोध गर्ने साथै उक्त नापी कार्यका लागि नगरपालिकाको तर्फबाट आवश्यक सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ मा छलफल यस कोहलपुर नगरपालिकाको कार्यालय र अर्न्तगतका शाखा कार्यालयहरुमा समायोजना भई आएका तपशिलका कर्मचारीहरुलाई निम्नानुसारका कार्यालयहरुमा पद स्थापना गर्ने निर्णय गरियो ।

| क.स. | कर्मचारीको नाम थर | सेवा समुह | पद स्थापना भएको स्थान | पद स्थापना भएको पद |
|---|---|---|---|---|
| १ | शारदा चन्द | स्वास्थ्य, हे.ई. | स्वास्थ्य तथा सामाजिक विकास शाखा कोहलपुर | अधिकृत स्तर छैटौं |
| २ | कल्पना नेपाली | नेपाल कृषि, एगृ.ईको मार्केटिङ्ग | नगर कृषि शाखा | अधिकृत स्तर छैटौं |
| ३ | गौरी शंकर मण्डल | स्वास्थ्य, आर्युवेद | आर्युवेद औषधालय | कविराज निरिक्षक ( अधिकृत स्तर छैटौं) |
| [illegible] | सविता चौधरी | स.म.वि.नि. | कोहलपुर नगरपालिका | चौंथो |
| ५ | दिलिप कुमार क्षेत्री | प्रशासन | कोहलपुर नगरपालिका | चौंथो |

निर्णय नं. १६

प्रस्ताव नं. १६ मा छलफल गर्दा नगरपालिका क्षेत्र भित्र बाटो निर्माण तथा विस्तार गर्दा हटाउनु पर्ने विद्युतपोल हटाउदा लाग्ने खर्च यदि सम्बन्धित योजनाको लागत स्टिमेटमा समावेश नभएको भए आवश्यक बजेटको व्यवस्था गरी भुक्तानी दिने निर्णय गरियो ।